आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २८ जून २०२४

समयः १८:५० - १९:०० बजे

प्रमुख समाचार

१. नीटको विषयमा भएको छलफललाई लिएर विपक्षी दलहरूले विरोधपछि लोकसभा दिनभरका लागि स्थगित।

२. पश्चिम बङ्गालमा शिक्षकहरूको नियुक्तिमा भएको भ्रष्टाचारको अनुसन्धान गरिरहेको सीबीआईले शकास्पदक रुपमा ठूलो परिमाणमा कागजात फेला पारेको छ।

३. दार्जीलिङ जिल्ला प्रशासन र वेस्ट बेंगल कमिशन फर प्रोटेक्शन अफ् चाइल्ड राइट्सको संयुक्त पहलमा राज्य बाल संरक्षण दिवस पालन।

४. मिरिक नगरपालिकाद्वारा शुरु गरिएको अवैध निर्माणमा बुलडोजर प्रयोग गर्ने काम पुन:सुरु गरिएको छ।

५. कालेबुङ बोङबस्तीको गणेश हाइ स्कूलमा स्मार्ट क्लासको आज उद्घाटन गरिएको छ।

****** ० ******

**लोकसभा**

मेडिकल स्नातक प्रवेश परीक्षा -नीट को विषयमा भएको छलफललाई लिएर विपक्षी दलहरूले विरोध जनाएपछि लोकसभा दिनभरका लागि स्थगित गरिएको थियो। पहिलो बैठक स्थगित भएपछि मध्याह्न १२ बजे सदनको बैठक सुरु हुँदा कांग्रेस सदस्यहरूले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै नाराबाजी गर्न थाले। लोकसभा अध्यक्ष ओम बिरलाले 'यस विषयमा छानबिन गर्न समिति गठन गरिएको बताउदै 'सदनलाई पूर्वनियोजित रुपमा चल्न नदिनु संसदीय लोकतन्त्रका लागि राम्रो नरहेको बताउनु भयो। यसैगरी संसदीय मामिला मन्त्री किरेन रिजिजुले, 'राष्ट्रपतिको अभिभाषणमा छलफल तय भएको समयमा कुनै पनि छलफल गर्न दिने अभ्यास छैन। उहाँले कांग्रेस र अन्य विपक्षी दलले सदनको गरिमाघटाएको आरोप लगाउनु भयो। यसैगरी नीट मुद्दालाई लिएर राज्यसभामा पनि हंगामा भएको छ। राज्यसभाको आजको बैठक सुरु हुँदा सभापति जगदीप धनखड़ले विपक्षी सांसदहरूले दिएको स्थगन सूचनालाई अस्वीकार गर्दै राष्ट्रपति द्रौपदी मुर्मूले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै पेपर लीकका दोषीहरूलाई निष्पक्ष छानबिन र कडा सजायको उल्लेख गरेको बताउनु भयो।

****** ० ******

ममता बनर्जी

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेख्दै नीट खारेज गरेर पुरानै प्रणालीलाई पुनर्स्थापित गर्न माग गर्नुभएको छ। बनर्जीले सरकारलाई नेशनल एलिजिबिलिटी–एन्ट्रेन्स टेस्ट (नीट) खारेज गरेर परीक्षा सञ्चालन गर्ने पुरानो प्रणालीलाई पुनर्स्थापित गर्न आग्रह गर्नुभएको हो भने उहाँले हालको व्यवस्थामा व्यापक भ्रष्टाचार भएको आरोप लगाउनुभयो। उहाले पत्र मार्फत भन्नुभयो 'प्रश्नपत्र लीक, परीक्षा संचालनमा संलग्न केही व्यक्ति र पदाधिकारीबाट घूसखोरी, केही विद्यार्थीका लागि परीक्षाका लागि आवेदन दिनका लागि सिंगल विन्डो प्रणाली, ग्रेस मार्क आदि गम्भीर विषय हुन्, जसमाथि पूर्ण ध्यान दिन आवश्यक छ।

****** ० ******

**शिक्षक नियुक्ति भ्रष्टाचार**

पश्चिम बङ्गालमा शिक्षकहरूको नियुक्तिमा भएको भ्रष्टाचारको अनुसन्धान गरिरहेको केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) ले शिक्षा विभागको मुख्यालय विकास भवनमा लगातार तीन दिनसम्म छापा मारेको छ। खोजतलासको अन्तिम दिन आज ठूलो परिमाणमा कागजात फेला परेको थियो। केन्द्रीय एजेन्सी स्रोतका अनुसार विकास भवनको गोदामबाट तीन वटा झोलामा राखिएका कागजातहरू जफत गरिएको छ। यी सबै कागजातहरू प्राथमिक शिक्षक नियुक्ति, भ्रष्टाचारसँग सम्बन्धित छन्। यसमा धेरै महत्वपूर्ण जानकारीहरु हुनसक्ने अनुमान लगाइएको छ।

****** ० ******

**राज्यपाल-टिप्पणी**

पश्चिम बंगालका राज्यपालको कार्यालयले मुख्यमन्त्री ममता बेनर्जीले राज्यपाल विरुद्ध आपत्तिजनक शब्द प्रयोग गरेको भन्दै कडा प्रतिक्रिया जनाएको छ। मुख्यमंत्रीले पार्टीका दुई नवनिर्वाचित विधायक सायंतिक बनर्जी र रेयत हुसेन सरकारको सपथग्रहणलाई लिएर उत्पन्न गतिरोधप्रति असन्तुष्टि व्यक्त गर्दै हिजो यस्तो टिप्पणी दिनु भएको हो। राज्यपालको कार्यालयले एक विज्ञप्ति जारी गर्दै यस विषयमा मुख्यमन्त्रीको टिप्पणीको कडा आलोचना गरेको छ। राज्यपालको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जहाँसम्म आज अखबारहरूमा मुख्यमन्त्रीको दुर्भावनापूर्ण तीक्ष्ण बयानको समाचारको कुरा छ, राजभवनले न त यस्तो षडयन्त्रहरूको वास्ता गर्दछ न त फोहोर बयानहरूमा प्रतिक्रिया दिन उचित ठान्दछ।

****** ० ******

**हकरहरू-नयाँ नीति**

मुख्यमन्त्री ममता ब्यानर्जीले राज्य सचिवालयमा शीर्ष प्रशासनिक र पुलिस अधिकारीहरूसँगको बैठकमा दिएको निर्देशनअनुसार हकरहरूको लागि नयाँ नीति बनाइनेछ। नयाँ नीतिको पहिलो भाग हकिङ जोन र नन हकिङ जोनको पहिचान र विभाजन गर्नु हुनेछ। यसका लागि दुवै जोनको विस्तृत सूचीसहितको पोर्टल खोलिनेछ।नयाँ नीतिअनुसार राज्य सरकारले मंगलबार र बुधबार दुई दिने अभियानका क्रममा हटाइएका फेरीवालाहरूलाई पनि पुनस्र्थापना गर्नेछ। यद्यपि, पुनस्र्थापना प्याकेज आवश्यकताअनुसार हुनेछ। 'प्रशासनले मंगलबार र बुधबार दुई दिने अभियानका क्रममा हटाइएका हकरहरूको सूची तयार पार्ने बताइएको छ,। यस पछि, तिनीहरूबीच वास्तवमा आवश्यक पर्ने व्यक्तिहरूको पहिचान गरिनेछ, ताकि राज्य प्रशासनले उनीहरूका लागि वैकल्पिक व्यवस्था गर्न सकोस्। "

****** ० ******

**मिरिक नगरपालिका**

मिरिक नगरपालिकाद्वारा शुरु गरिएको अवैध निर्माणमा बुलडोजर प्रयोग गर्ने काम आज पुन:सुरु गरिएको छ। मिरिक नगरपालिका क्षेत्रको सरकारी जग्गामा भएका अवैध निर्माण, दुई ट्याक्सी गेट भत्काउने र कृष्णनगरको एउटा घरलाई मिरिक नगरपालिकाका अध्यक्ष एलबी राईको उपस्थितिमा कारबाही गरिएको छ।मिरिकको पर्यटकीय केन्द्रमा गैरकानूनी ठाउँमा झुपडी बनाउन, टेबुल वा छाता प्रयोग गर्ने वा पाल हाल्न नहुने अनि नगरपालिकाको सरसफाईलाई ध्यान दिनु पर्ने नगर प्रमुखले बताउनु भएको छ| मिरिक नगरपालिकाको यसप्रकार कार्यमा मानिसहरुबाट मिश्रीत प्रतिक्रिया सुनिन थालेको छ|

****** ० ******

## अवैध जमिन दखल

खरसांग नगरपालिकाले मुख्यमन्त्रीको निर्देश अनुसार सरकारी जमिन दखल गर्नेहरुको पहिचान गरि तिनीहरुमाथि आवश्यक कारवाही गर्ने भएको छ | हालैमा कोलकातामा पश्चिम बंगल राज्यका सम्पूर्ण नगर निगम, नगर्पलिकहरुका मेयर, अध्यक्ष साथै अन्य प्रसासनिक अधिकारीहरुलाई लिएर भएको सभामा मुख्यमन्त्री सुश्री ममता व्यंनेर्जी द्वारा दिएको निर्देशानुसार खरसांग नगरपालिका क्षेत्र भित्रको सरकारी जमिनरुको अवैध कब्जा गर्नेहरुलाई पहिचान गरि आवश्यक पहल गर्ने निर्णय लिएको नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङले जानकारी दिनु भएको छ |

****** ० ******

## राज्य बाल संरक्षण दिवस

दार्जीलिङ जिल्ला प्रशासन र वेस्ट बेंगल कमिशन फर प्रोटेक्शन अफ् चाइल्ड राइट्सको संयुक्त पहलमा शुक्रबार दार्जीलिङमा राज्य बाल संरक्षण दिवस पालन गरियो। स्थानीय गोर्खा रङ्गमञ्च भवनमा पालन गरिएको यस समारोहमा उत्तर बंगालका 9 वटा जिल्लाका विद्यार्थीहरूले विविध कार्यक्रममा भाग लिएका थिए। यस अवसरमा बाल अधिकार के हो भन्नेबारे पनि विस्तृतरूपमा जानकारी गराइएको थियो। बाल अधिकारबारे जागरूकता फैलाउने उद्देश्यले नै यो कार्यक्रम दार्जीलिङमा पालन गरिएको आयोजक समितिले बताएको छ। यस अवसरमा सिलगढ़ी नगरनिगमका मेयर गौतम देवका साथै विभिन्न विभागीय शीर्ष अधिकारीहरूको उपस्थिति रहेको थियो।

****** ० ******

## सुब्रत कप

गोर्खा स्टेडियम लेबोङमा चलीरहेको 63 औं सुब्रत कप अन्डर 17 अन्तर विद्यालय क्लस्टर लेवल गर्ल्स फुटबल चयनित प्रतियोगिताको आज समापन गरियो। गत 26 जुनदेखि आरम्भ गरिएको प्रतियोगितामा उत्तर बगालका सबै जिल्लाहरु मालदा, उत्तर तथा दक्षिण दिनासपुर, कुचबिहार, जलपाईगुढी, अलिपुरद्वार, दार्जिलिङ तथा कालेबुङका बिधालयका विद्यार्थी फुटबल दलहरूले अंशग्रहण गरेका थिए। उक्त प्रतियोगितामा चयनित खेलाडीहरू सोझै स्टेट लेबलमा खेल्ने छन् भने उक्त खेलमा पनि चयनित खेलाडीहरू राष्ट्रिय प्रतियोगिता हुँदै अन्तराष्ट्रिय फुटबल प्रतियोगितामा खेल्न पाइने दार्जिलिङ जिल्ला काउन्सिल फर गेम्स एन्ड स्पोर्ट्स महासचिव पूनम दर्नालले जानकारी दिनुभएको छ भने उक्त प्रतियोगिता दार्जिलिङमा पहिलो पल्ट आयोजना भएको उहाँले बताउनु भएको छ।

****** ० ******

## कालेबुङ स्मार्ट क्लास

कालेबुङ बोङबस्तीको गणेश हाइ स्कूलमा स्मार्ट क्लासको आज उद्घाटन गरिएको छ। राज्य सरकारको शिक्षा विभागको पहलमा शिक्षालाई आधुनिक दिशामा अघि बढाउन साथै विद्यार्थीहरूको पढाइमा रूचि बढाउन उक्त स्मार्ट क्लास विद्यालयमा आरम्भ गरिएको बताइएको छ। विद्यालय व्यवस्थापन समितिका उपाध्यक्ष सन्तोष दाहालको बाहुलीबाट रिबन काटेर स्मार्ट क्लासको उद्घाटन गरिएको थियो।

****** ० ******

## शोक सभा

खरसाङ नगरपालिकाको वार्ड नम्बर 19 का भूतपूर्व नगर पार्षद पाल्देन दोर्जे भोटियाको निधनमा आज खरसाङ नगरपालिका द्वारा नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङको अध्यक्षतामा शोक सभा सम्पन्न गरिएको छ। पूर्व नगर पार्षद पाल्देन दोर्जे भोटिया प्रति श्रध्दाञ्जली अर्पण गर्दै प्रार्थना गरिएको थियो भने स्व० भोटियाको जीवनी र नगरपालिका क्षेत्रमा उनले दिएको योगदान विषयमा

चर्चा परिचर्चा गर्दै चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान, पूर्व नगर पार्षदिका मिङमा भोटिया र नगरपालिका कर्मचारी प्रितम छेत्री आदिले वक्तव्य राखेका थिए। शोक सभामा नगरपार्षद,पर्षदिका लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।

****** ० ******

**डाक्टर डेबिड राई**

हिन्दुस्थान स्काउट एण्ड गाइडको केन्द्रिय समितिले दार्जिलिङ पुलबजार खण्डको कैजले उच्च माध्यमिक बिधालयका सह शिक्षक डाक्टर डेबिड राईलाई राज्य मुख्य सयोजकको रूपमा नियुक्ति गरेको छ। भारत स्काउट एण्ड गाइड चीफ कमिसनर तथा गुजरात राज्यको पुर्व डीजीपी अनिल प्रथमले एक बिज्ञप्ती जारी गर्दै डा० राई लाई पच्छिम बगाल राज्यको मुख्य सयोजकको रूपमा नियुक्ति गरेका हो । विगत लामो समयदेखि विद्यार्थीहरुमा देशप्रेम तथा अनुशासनको माध्यमबाट अब्बल नागरिक बनाउन लागी परेका डा० डेबिड राई यस विषयमा राज्यको उच्च पदमा रहने पहिलो शिक्षक हुन भने उहाँले प्रशिक्षण गराएका विद्यार्थीहरुले राज्य तथा केन्द्रीय स्तरका विभिन्न प्रतियोगिताहरुमा भाग लिईसकेका छन।

****** ० ******

**बृक्षरोपन**

हरियो बन प्राकृतिकको धन भन्ने संदेशलाई आत्मसात् गर्दै तथा पर्यावरण दिवसको दिनमा मात्रै औपचारिक रूपमा बृक्षरोपन सस्कारलाई अन्त गर्नुपर्ने सन्देश दिदै डा राधाकृष्णन च्यारिटेबल ट्रस्टद्वारा बिधाज्योती बिधालय परिसर बृक्षरोपन सम्पन्न गरिएको छ। बिधालयका सम्पुर्ण परिवारको सहभागीमा आयोजित कार्यक्रममा विभिन्न फल तथा फुलहरुका बिरुवाहरु सरिएको थियो।

****** ० ******

## कालेबुङ संरक्षण समिति

कालेबुङ संरक्षण समितिलाई पूर्णता दिने पहल गर्दै कालेबुङका विभिन्न संघ संस्थाहरुले सदस्यता अभियान आरम्भ गरेको जानकारी पत्रकार सम्मेलन मार्फत समितिका उपाध्यक्ष पीके प्रधानले दिनु भएको छ ।

****** ० ******